annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२० पृष्ठ ८ | [illegible] २०८१ | मार्ग शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | SUNDAY, DECEMBER 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



८४ वर्षीय ददिराम न्यौपाने चरंगे खोलाको बाढीले ध्वस्त बनाएको घर अघि बिलौना गर्दै। ● राजकरण महतो

कभर स्टोरी

## बाढीपीडितको रोदन

# घर नसोध्नु, त्यो त खोलाले खाइसक्यो

असोज १० सम्म काभ्रेका बासिन्दाको जीवन गतिलै थियो। ओत लाग्ने पक्की छानो थियो। भोक मेटाउने खेतबारी थियो। संसारको हालखबर बुझ्ने भित्तामा ठूला एलसिडीवाला टिभी थिए। धन थियो, सम्पत्ति थियो। तर, असोज ११ र १२ को निर्दयी भीषण बाढीले एकैपटक सबै खोसिदियो, सडकमा पुऱ्याइदियो। तीनै मध्येका एक हुन्, ८४ वर्षीय ददिराम न्यौपाने। चरंगे खोलाले क्षणभरमै भएभरको सम्पत्ति खोसिदिएपछि उनी सडकमा पुगेका छन्। ९ जनाको परिवारको बिजोग छ। तर, तीन महिना भयो, सरकारले ददिराम जस्ता पीडितका घाउमा मल्हमको कुनै पहल गरेको छैन। बाढीपीडित ददिरामसँगको कुराकानी :

**राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## सिरियामा आईएस समूहद्वारा ६ कृषकको हत्या

**लेबनान** (एजेन्सी) : सिरियाली मरुभूमि क्षेत्रमा इस्लामिक स्टेट समूहका लडाकुहरूले शनिबार ६ जना कृषकको हत्या गरेको सिरियाली युद्ध अनुगमनकारी संस्थाले जनाएको छ।

'इस्लामिक स्टेट समूहका लडाकुहरूले शनिबार बिहान पाल्मायरा सहरको दक्षिणमा ६ जना गोठालाको हत्या गरेका छन्।' बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) ले जनाएको छ।

जिहादीहरूले 'गोठालालाई मारेका र उनीहरूका चौपाया चोरेका' बेलायतस्थित उक्त संस्थाले जनाएको छ। आईएसले सन् २०१४ मा सिरिया र इराकको ठूलो भूभागमा कब्जा गरी उक्त क्षेत्रलाई स्लामिक राज्य (खलिफा) घोषणा गरेको थियो।

समूहले सन् २०१९ मा सिरियामा आफ्नो अन्तिम भूभाग गुमाएको थियो, तर यसका अवशेषहरूले अझै पनि घातक आक्रमणहरू गरिरहेका छन्। उनीहरूको प्रभाव विशेष गरी दमास्कसको बाहिरी इलाकाबाट इराकी सीमासम्म फैलिएको छ।

हालैका वर्षहरूमा उसका अधिकांश आक्रमणहरू कुर्द नेतृत्वका लडाकुहरू वा राष्ट्रपति बशर अल असदको अपदस्थ सरकारका वफादारहरूलाई लक्षित गरी गरिएका छन्।

इस्लामिक विद्रोही समूह हयात तहरीर अल-शाम र उसका सहयोगीहरू आइतबार दमास्कसमा प्रवेश गरेपछि असद सिरियाबाट पलायन भएका थिए।

असदलाई सत्ताच्युत गरेयता सिरियाली मरुभूमिमा आइएसले छवटा आक्रमण गरेको अब्जरभेटरीले जनाएको छ। उनीहरूले १८ जना सर्वसाधारण र ५० भन्दा बढी असद सैनिकको हत्या गरेका थिए।

क्षेत्रीय भ्रमणका क्रममा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले टर्कीएका अधिकारीहरूलाई असदको पतनपछि सिरियामा आइएसको पुनरुत्थानविरुद्ध काम गर्नु 'अपरिहार्य' भएको बताएका थिए।

बिहीबार एर्दोगानले ब्लिन्केनसँग टर्किएले सिरियामा आइएसविरुद्धको लडाइँमा कहिल्यै पनि सहज नहुने आश्वासन दिएका थिए। यद्यपि अमेरिका समर्थित कुर्द लडाकुहरूविरुद्ध टर्कीले चरमपन्थीहरूलाई नियन्त्रण गर्न महत्वपूर्ण मानिएको थियो।

# दक्षिण कोरियाका राष्ट्रपति युनलाई महाभियोग, पदबाट निलम्बन

**सियोल** (एजेन्सी) : दक्षिण कोरियाको संसद्ले राष्ट्रपति युन सुक योलमाथिको महाभियोग प्रस्ताव शनिबार पारित गरेको छ।

महाभियोग प्रस्ताव पारित भएपछि विपक्षीले 'जनताको विजय' भएको घोषणा गरेका छन्। डिसेम्बर ३ मा सैनिक शासन लागू गर्ने युनको असफल प्रयासपछि दक्षिण कोरियामा एक साताभन्दा बढी तीव्र राजनीतिक तनाव निम्त्याएको थियो। राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव संसद्बाट पारित भएसँगै सोलको सडकमा युनको पक्ष र विपक्षमा शनिवार हजारौंको संख्यामा ऱ्याली निकालिएका थिए। मतदानपछि टेलिभिजनमा सम्बोधन गर्दै महाभियोग लागेका युनले आफू 'पदबाट हट्ने' तर सैनिक शासन लागू गर्ने असफल प्रयासका लागि माफी नमागेको बताएका छन्।



कुल ३ सय संसद् सदस्य रहेको कोरियाली संसद्मा २ सय ४ सांसदले विद्रोहको आरोपमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका थिए। ८५ जनाले विपक्षमा मतदान गरेका थिए।

मतदानमा तीन सांसद अनुपस्थित रहेका थिए भने ८ मत बदर भएको थिए। महाभियोगसँगै युनलाई पदबाट निलम्बित गरिएको छ भने दक्षिण कोरियाको संवैधानिक अदालतले मतदानपछिको अवस्थाबारे छलफल सुरु गरेको छ।

अदालतलाई युनको भविष्यबारे फैसला गर्न १ सय ८० दिनको समय दिइएको छ। यदि उनलाई पदबाट हटाइयो भने युन दक्षिण कोरियाको इतिहासमा सफलतापूर्वक महाभियोग लगाइने दोस्रो राष्ट्रपति हुने छन्।

प्रधानमन्त्री हान डक सोले राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव पारित भएसँगै पत्रकारसँगको कुराकानीमा भने, 'दक्षिण कोरियाली प्रधानमन्त्रीको रूपमा मेरो सम्पूर्ण शक्ति र प्रयास स्थिर शासन सुनिश्चित गर्न समर्पित हुनेछ।'

महाभियोग पारित हुन दुई सय मत आवश्यक थियो र विपक्षी सांसदहरूले युनको कन्जरभेटिभ पिपुल पावर पार्टी (पीपीपी) का कम्तीमा आठ जना सांसदलाई दल बदल्न राजी गराउन आवश्यक थियो।

'आजको महाभियोग जनताको ठूलो जीत हो,' विपक्षी डेमोक्रेयाटिक पार्टीका नेता पार्क चान-डेले मतदानपछि भने।' उनले अबको १८० दिनभित्र आउने अदालतको फैसलाले कोरियाली जनतालाई प्रजातन्त्र र स्वतन्त्रताप्रतिको आत्म सम्मानलाई प्रकट गर्ने बताए।

## 'अफ्रिकाका १५ करोड मानिस 'चरम गरिबी'मा'

**नैरोबी** (एजेन्सी) : अत्यधिक चिकित्सा खर्चले अफ्रिकाका १५ करोडभन्दा बढी मानिसलाई गरिबीमा धकेल्दै गुणस्तरीय र उत्पादनशील जीवनलाई वञ्चित गरेको विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले जनाएको छ।

बिहीबार विश्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा सार्वजनिक गरेको 'ट्याकिङ फाइनान्सियल प्रोटेक्सन' प्रतिवेदनमा डब्ल्यूएचओले उक्त तथ्यांक उल्लेख गरेको छ।

अफ्रिकाका लागि डब्ल्यूएचओ क्षेत्रीय निर्देशक मात्शिडिसो मोएतीले भने, 'आवश्यक औषधि र अन्य स्वास्थ्य खर्च महाद्वीपका कमजोर नागरिकहरूको लागि आर्थिक कठिनाइ र खराब स्वास्थ्य अवस्था निम्त्याउन सक्छ। यस्ता भुक्तानीहरूले धेरै मानिसहरूलाई खाना, आवास र उपयोगिताहरू जस्ता अन्य आधारभूत आवश्यकताहरूमा कम खर्च गर्न बाध्य पार्छ, जसले उनीहरूको अवस्था बिग्रन सक्छ।'

सन् २००० र सन् २०१९ बीचको अवधिमा आफ्नो घरायसी बजेटको १० प्रतिशतभन्दा बढी औषधि र अन्य स्वास्थ्य सेवामा खर्च गर्नेको संख्या वार्षिक २५ लाखले बढेको जनाइएको छ।

# 'पश्चिमका नाम चलेकाभन्दा हिमालय खण्डका विश्वविद्यालय हजारौं वर्ष पुराना हुन्'

**'गुरुत्वाकर्षणको सिद्धान्त न्युटनले भन्दा सयौं वर्ष पहिला नालन्दा विश्वविद्यालयका प्राध्यापक आर्यभटले पत्ता लगाएका थिए।'**

**रोजन तामाङ** | *काभ्रे*

प्रधानमन्त्री केपी शर्मा ओलीले विकसित देशका पुराना र ख्यातिप्राप्त विश्वविद्यालयभन्दा हिमालय खण्डमा धेरै पहिले विश्वविद्यालयस्थापना भइसकेको बताएका छन्। 'नालन्दा र आसपासका १० वटा विश्वविद्यालय हिमालय खण्डमा हजार वर्षभन्दा अघि नै थिए', ओलीले भने, 'पश्चिममा देशहरूमा हजार वर्ष पुगेकै छैनन्।'

उनले अक्स्फोर्ड, क्याम्ब्रिज, हार्डवर्ड, कोलम्बियाजस्ता प्रसिद्ध विश्वविद्यालयको स्थापनासँग नालन्दाको इतिहासलाई दाँजे। भारतको प्रख्यात नालन्दा विश्वविद्यालय सन् ४२७ मा स्थापना भएको थियो। जब कि अक्स्फोर्ड सन् १०९६, क्याम्ब्रिज १२०९, हार्डवर्ड १६३६ र कोलम्बिया १७५४ मा स्थापना भएका थिए।





'हामीले हामी को हौं ? भनेर चिन्नुपर्छ। खोज र अनुसन्धान गर्ने पूर्खाका सन्तान हौं, बुझ्नुपर्छ विद्यार्थीले', धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको ३०औं दीक्षान्त समारोहलाई शनिबार सम्बोधन गर्दै कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले भने, 'नालन्दा विश्वविद्यालयका प्राध्यापक आर्यभटले पाँचौं शताब्दीमा गुरुत्वाकर्षणको सिद्धान्त पत्ता लगाएका थिए। जब कि त्यही कुरा न्युटनले १६औं शताब्दीमा पत्ता लगाएको भनिने गरिन्छ। हामी नबुझेर ग्राभिटेसन थ्यौरी न्यूटनले पत्ता लगाएका हुन् भनिरहेछौं।'

प्रधानमन्त्री ओलीले विश्वका धेरै देश र त्यहाँका नाम चलेका व्यक्तिले गरेका काम त्यो समयभन्दा हजारौं वर्षअघि हिमालय खण्डमा रहेका हाम्रा पितापूर्खाले गरिसकेको उल्लेख गरे। उनले भने, 'आर्यभट्टले पत्ता लगाएको पाँच सय वर्षपछि भाष्कराचार्यले पत्ता लगाएका थिए। उनले ११५० मै पृथ्वी कस्तो छ, यसको गोलाइ कत्रो छ ? पृथ्वीबाट सूर्यको दूरी कति छ ? पृथ्वीको तौल कति छ ? सबै पत्ता लगाइसकेका रहेछन्। आज विज्ञानले त्यसलाई सही प्रमाणित गरेको छ।'

अहिले जेनेभामा अन्तरिक्ष अध्ययनसम्बन्धी रिसर्च सेन्टरमा भाष्कराचार्य द्वितीयको नाम महागणितीज्ञ, महावैज्ञानिक भनेर लेखिएको ओलीको भनाइ छ। उनका अनुसार, हाम्रा पितापूर्खाहरूले धेरै अगाडि त्यस्ता आविष्कार गरेका थिए। 'तर, ती कुरा विस्तार हुन सकेनन्, ओझेलमा परे। हो, त्यसैले हामीपछि पऱ्यौं, अगाडि बढ्न सकेनौं', कुलपति ओलीले थपे, 'शिक्षाको सुरुआत भएको ठाउँ। योगको सुरुआत भएको ठाउँ। ज्ञान र ध्यानको सुरुआत भएको ठाउँ। तिनको विस्तार र फैलावट भएको ठाउँ हो यो।'

ओलीले महर्षि चरक यहीँका थिए जो स्वास्थ्य विज्ञानका प्रणेता मानिन्छन् भन्दै चरकले तीन हजार वर्षअघि नै चरकसंहिता नामको किताब लेखेको दाबी गरे। ज्योतिश शास्त्र, गणित सबैका महाविद्वान् भएको उनको भनाइ छ। '२८ सय वर्षभन्दा अगाडि सुस्रुत भन्ने ऋषि थिए सुनसरीको चतारामा विश्वामित्रका छोरा। उनैले हो पहिलो शल्यक्रिया गरेको तर जनसंख्या कमीले यहाँ प्रयोगमा ल्याइरहन सकेनन्', ओलीले भने, 'अनि वनारस गएर शल्यक्रिया विज्ञानको प्रयोग गरे। यी कुरा धेरैलाई थाहा छैन। जतिबेला विश्व अन्धकारमा थियो, त्यतिबेला यहाँ प्रकृति, दर्शन, जीवन र विज्ञानका बारेमा खोज अनुसन्धान भइसकेको थियो।' सृष्टि कसरी हुन्छ ? यसको अन्त्य कसरी हुन्छ ?

» बाँकी पृष्ठ ६